# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, असार, ०३ गते, २०८० साल (अतिरिक्ताङ्क ३

## भाग-२

### कर्णाली प्रदेश सरकार

### उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

### सूचना

**प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८०**

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश व्यापार–व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सम्झनु पर्छ र सो शब्दले निर्देशनालयलाई समेत जनाउँछ।

(ग) "सम्बन्धित निकाय" भन्नाले अनुसूची-१ बमोजिमका निजी तथा साझेदारी फर्म दर्ता गर्ने निकाय सम्झनु पर्छ।

## परिच्छेद-२

## निजी फर्म दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. **निजी फर्म अद्यावधिक गर्ने:** (१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम निजी फर्म अद्यावधिकका लागि पाँचसय रुपैयाँ दस्तुर सहित देहाय बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित निकायले तोकेका अन्य कागजातहरु।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित निकायले त्यस्तो निजी फर्मको अभिलेख राखी उद्योग दर्ता प्रमाणपत्रमा अद्यावधिक भएको व्यहोरा जनाई दिनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुन अघि संघीय कानून बमोजिम प्रदेशको निकायमा दर्ता भई सञ्चालनमा रहेका निजी फर्मको हकमा यो नियम लागू हुने छैन।

४. **निजी फर्मको दर्ता**: (१) निजी फर्म दर्ता गर्न चाहने व्यक्तिले एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा ऐनको दफा ४ को उपदफा (१) मा उल्लिखित कागजात तथा विवरणको अतिरिक्त देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ख) वाणिज्य सम्बन्धी निजी फर्मको हकमा दरखास्तवालाको समान उद्देश्य भएको अर्को फर्म दर्ता नगरेको स्वघोषणा,

(ग) फर्म दर्ता गर्न प्रतिनिधि नियुक्त गरेको भए सो सम्बन्धी कागजात।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित निकायले आवश्यक जाँचबुझ गरी निजी फर्म दर्ता गर्न मनासिब देखेमा अनुसूची-३ बमोजिमको दर्ता दस्तुर लिई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-५ बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ।

५. **निजी फर्मको शाखा दर्ता**: ऐनको दफा ५ को उपदफा (१) बमोजिम निजी फर्मले आफ्नो व्यापार-व्यवसाय गर्ने मुख्य स्थान बाहेक अन्य स्थानबाट समेत कारोबार गर्न चाहेमा सम्बन्धित निकायले प्रत्येक शाखाको लागि अनुसूची-३ बमोजिमको दर्ता दस्तुर लिई अनुसूची-६ बमोजिमको शाखा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

६. **<u>निजी फर्म दर्ता प्रमाणपत्रको अवधि र नवीकरण</u>:** (१) यस नियमावली बमोजिम दर्ता भएका निजी फर्मको अवधि दर्ता भएको मितिले पाँच वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा दुई वर्षका लागि गरिनेछ।

(२) निजी फर्म नवीकरण गराउन चाहने निजी फर्मको धनीले उपनियम (१) बमोजिमको अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र देहाय बमोजिमको कागजात संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ग) पचास लाख रुपैयाँ वा सोभन्दा बढी पूँजी भएको निजी फर्मको हकमा लेखापरीक्षण प्रतिवेदन,

(घ) अघिल्लो आर्थिक वर्षको कर तिरेको प्रमाणपत्र।

(३) उपनियम (२) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित निकायले नियम ४ को उपनियम (३) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको बीस प्रतिशत दस्तुर लिई त्यस्तो निजी फर्म नवीकरण गरिदिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधिभित्र निजी फर्म नवीकरण गराउन नसकेको निजी फर्मको धनीले नवीकरण गराउन नसकेको मनासिव कारण खुलाई नवीकरणको लागि सम्बन्धित निकायमा दरखास्त दिन सक्नेछ। यसरी दिएको दरखास्त उपर जाँचबुझ गर्दा कारण मनासिव देखिएमा सम्बन्धित निकायले देहाय

बमोजिम नवीकरण दस्तुर लिई त्यस्तो निजी फर्म नवीकरण गर्न सक्नेछः-

(क) नवीकरण गराउने अवधि समाप्त भएको छत्तीसौं दिनदेखि तीन महिनासम्मको लागि नियम ४ को उपनियम (३) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर,

(ख) खण्ड (क) बमोजिमको समयभित्र नवीकरण नगराएमा सो अवधि समाप्त भएको मितिले एक वर्षसम्म नियम ४ को उपनियम (३) बमोजिमको दस्तुर।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि कुनै निजी फर्मको धनीले निजी फर्म नवीकरण नगराएमा सम्बन्धित निकायले ऐनको दफा १२ बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

७. <u>विवरण हेरफेर सम्बन्धी व्यवस्थाः</u> (१) कुनै निजी फर्मको धनीले आफ्नो निजी फर्म दर्ता गराउँदा पेश गरेको विवरण हेरफेर गर्नु पर्ने भएमा त्यस्तो विवरण खुलाई स्वीकृतिको लागि अनुसूची-८ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित निकायले सो सम्बन्धमा जाँचबुझ गरी विवरण हेरफेर गर्न मनासिव देखेमा त्यस्तो विवरण हेरफेर गर्न दरखास्त परेको पन्ध्र दिनभित्र स्वीकृति दिनेछ र आफुसँग रहेको त्यस्तो निजी फर्मको विवरण संशोधन गर्नेछ।

(३) उपनिपयम (२) बमोजिम विवरण संशोधन गरेमा सम्बन्धित निकायले सो को जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ।

८. **निजी फर्म खारेजीको लागि निवेदन दिनु पर्नेः** (१) ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिम निजी फर्मको धनीले मनासिब कारण देखाई फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित सम्बन्धित निकायमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित निकायले फर्म खारेज गर्नु अघिसम्मको सम्पूर्ण बाँकी बक्यौता र कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो निजी फर्मले तिर्न वा बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने कर, दस्तुर तथा जरिवाना निजी फर्मको धनीबाट असूल गरी निजी फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ।

## परिच्छेद-३

## साझेदारी फर्म सम्बन्धी व्यवस्था

९. **साझेदारी फर्म दर्ता गर्न दरखास्त दिनु पर्नेः** (१) साझेदारी फर्म दर्ता गर्न चाहने साझेदारहरुले एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा ऐनको दफा १७ को उपदफा (१) मा उल्लिखित कागजात तथा विवरणको अतिरिक्त देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) साझेदारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचय-पत्रको प्रतिलिपि,

(ख) साझेदारी फर्म रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(ग) साझेदारी फर्म दर्ता गर्ने प्रयोजनका लागि निवेदन दिन साझेदारले प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(घ) साझेदारहरु बीच लिखित सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(ङ) उद्योग स्थापना गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिस।

१०. **साझेदारी फर्मको दर्ता:** नियम ९ बमोजिम साझेदारी फर्म दर्ताको लागि दरखास्त पर्न आएमा सम्बन्धित निकायले आवश्यक जाँचबुझ गरी साझेदारी फर्म दर्ता गर्न मनासिब देखेमा अनुसूची-३ बमोजिमको दर्ता दस्तुर लिई अनुसूची-११ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-५ बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ।

११. **शाखाबाट व्यापार-व्यवसाय हुने गरी साझेदारी फर्म दर्ता गर्न सकिने**: (१) ऐनको दफा १९ को उपदफा (१) बमोजिम कसैले आफूले सञ्चालन गरी आएको व्यापार-व्यवसाय मुख्य स्थानका अतिरिक्त अन्य शाखाबाट समेत सञ्चालन गर्न चाहेमा प्रत्येक शाखाको लागि देहायका विवरण र कागजात सहित शाखा दर्ताको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछः-

(क) फर्म दर्ता दर्ता प्रमाणपत्र,

(ख) वातावरण सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सो को स्वीकृत प्रतिवेदन।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित निकायले दर्ता किताबमा अभिलेख गरी अनुसूची-६ बमोजिमको शाखा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

१२. **साझेदारी फर्मको नाम भ्रमपूर्ण भएमा छानबिन गर्नेः** (१) ऐनको दफा २१ को उपदफा (५) बमोजिम छानबिन गर्दा सम्बन्धित निकायले छानबिन गरी प्रतिवेदन पेश गर्न अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा तिन सदस्यीय समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिले फर्मको नाम भ्रमपूर्ण भए नभएको सम्बन्धमा सम्बद्ध निकायसँग छलफल गर्न वा राय प्रतिक्रिया लिन र सम्बन्धित फर्मधनीसँग सोधपुछ तथा स्पष्टीकरण माग गर्न सक्नेछ।

१३. **साझेदारी फर्मको नवीकरणः** (१) साझेदारी फर्म नवीकरण गराउन चाहने साझेदारले आर्थिक वर्ष भुक्तान भएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिमको कागजातका साथ पाँच सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) बिसलाख रुपैयाँसम्म कारोबार गर्ने साझेदारी फर्मले अनुसूची-१२ बमोजिमको आर्थिक विवरण,

(घ) बिसलाख रुपैयाँभन्दा बढी कारोबार गर्ने साझेदारी फर्मले अनुसूची-१२ बमोजिमको आर्थिक विवरण र गत वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिप।

(२) ऐनको दफा २५ को उपदफा (५) बमोजिम साझेदारी फर्म नवीकरणका लागि दरखास्त दिंदा उपनियम (१) मा उल्लिखित कागजातका साथ पाँच सय रुपैयाँ दरखास्त दस्तुर सहित

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित निकायले नियम ४ को उपनियम (३) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको दश प्रतिशत दस्तुर लिई त्यस्तो साझेदारी फर्म नवीकरण गरिदिनु पर्नेछ।

१४. **विवरण पेश गर्नु पर्नेः** (१) ऐनको दफा २६ को उपदफा (१) बमोजिम साझेदारी फर्मले प्रत्येक वर्ष लेखापरीक्षण प्रतिवेदन र अनुसूची-१२ बमोजिमको आर्थिक विवरण सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा बीसलाख रुपैयाँ वा सोभन्दा कम कारोबार गर्ने साझेदारी फर्मले अनुसूची-१२ बमोजिमको आर्थिक विवरण पेश गर्नु पर्नेछ र त्यस्तो फर्मले लेखापरीक्षण प्रतिवेदन पेश गर्न आवश्यक पर्ने छैन।

१५. **खारेजीको लागि निवेदन दिनु पर्नेः** (१) ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) बमोजिम साझेदारहरुले मनासिब कारण देखाई फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित फर्म खारेजीको लागि सम्बन्धित निकायमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम फर्म खारेजीको लागि निवेदन पर्न आएमा सम्बन्धित निकायले खारेज गर्नु अघिसम्मको सम्पूर्ण बाँकी बक्यौता र कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो साझेदारी फर्मले तिर्न वा बुझाउन बाँकी रहेको कानून बमोजिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय

लाग्ने कर, दस्तुर तथा जरिवाना समेत साझेदारहरुबाट असूल गरी साझेदारी फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ।

१६. **विवाद समाधान सम्बन्धी कार्यविधिः** (१) ऐनको दफा ५८ बमोजिम साझेदारहरु बीच साझेदारीका सम्बन्धमा कुनै विवाद उत्पन्न भई उजुरी पर्न आएमा सम्बन्धित निकायले दुवै पक्षलाई राखी छलफल गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम छलफल गराउँदा दुवै पक्ष बीच सहमति भएमा सोही बमोजिम हुनेछ र सहमति नभएमा मेलमिलाप गरी आउन सम्बन्धित निकायले दुवै पक्षलाई बढीमा तीन महिनाको समय दिनेछ।

(३) उपनियम (२) बमोजिमको समयभित्र मेलमिलाप हुन नसकेमा दुवै पक्षबाट पेश भएका प्रमाणको आधारमा सम्बन्धित निकायले विवाद समाधानको लागि उपयुक्त आदेश दिन सक्नेछ।

१७. **एजेन्ट सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ५९ बमोजिम एजेन्ट भई काम गर्न चाहने व्यक्तिले एजेन्टको नाम दर्ता गराउन एकसय रुपैयाँ दस्तुर र धरौटी बापत बीस हजार रुपैयाँ सहित अनुसूची-१३ बमोजिमको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) दरखास्तवालाको नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) एजेन्टले गर्नु पर्ने काम र पाउने कमिशनको विवरण सहितको एजेन्सी दिने फर्मसँग भएको सम्झौताको प्रतिलिपि,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) एजेन्ट नियुक्ति गरेको पत्र।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित निकायले अनुसूची-१४ बमोजिमको दर्ता किताबमा एजेन्टको नाम दर्ता गरी दरखास्तवालालाई अनुसूची-१५ बमोजिमको एजेन्ट दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

१८. **फाटँबारी सम्बन्धी व्यवस्था:** ऐनको दफा ६१ बमोजिम फाँटबारी पेश गर्दा अनुसूची-१६ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-४

## विविध

१९. **स्थानीय तहमा फर्म दर्ता सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ६७ को उपदफा (१) बमोजिम स्थानीय तहले निजी फर्म वा साझेदारी फर्म दर्ता वा नवीकरण गर्दा ऐन र यस नियमावली बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

(२) ऐन र यस नियमावली बमोजिम प्रदेश सरकारका सम्बन्धित निकायमा दर्ता भएका ऐनको दफा ६७ को उपदफा (१) बमोजिम स्थानीय तहले दर्ता र नवीकरण गर्न सक्ने फर्मको विवरण तथा कागजात सम्बन्धित स्थानीय तहबाट माग भएमा सम्बन्धित निकायले त्यस्तो विवरण तथा कागजात उपलब्ध गराउनु पर्नेछ।

२०. **प्रतिलिपि लिन सकिने:** ऐन र यस नियमावली बमोजिम प्राप्त प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित निकायले पाँच सय रुपैयाँ दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपि दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२१. **<u>साइनबोर्ड र मूल्यसूची राख्नु पर्ने</u>:** ऐन र यस नियमावली बमोजिम फर्म दर्ता भएपछि त्यस्तो फर्मको धनीको नाम, फर्मको नाम, ठेगाना, दर्ता नम्बर र मिति प्रष्ट रूपमा उल्लेख भएको साइनबोर्ड र आफूले कारोबार गर्नु पर्ने वस्तु वा सेवाको प्रचलित कानून बमोजिमको मूल्य सूची कारोबार स्थलमा राख्नु पर्नेछ।

२२. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>:** (१) मन्त्रालय र सम्बन्धित निकायले ऐन र यस नियमावली बमोजिम दर्ता भएका निजी तथा साझेदारी फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित निजी तथा साझेदारी फर्मको कर्तव्य हुनेछ।

(२) मन्त्रालयले ऐन र यस नियमावली बमोजिम दर्ता भएका फर्मको संस्थागत सुशासनको लेखाजोखाको लागि सूचक निर्माण गरी व्यवस्थापन परीक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यवस्थापन परीक्षणको नतिजालाई मन्त्रालयले सार्वजनिक गर्नेछ।

२३. **<u>अनुसूचीमा हेरफेर तथा संशोधन गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

(नियम २ को खण्ड (ग) सँग सम्बन्धित)

**निजी तथा साझेदारी फर्म दर्ता गर्ने निकाय**

| सि.नं. | पूँजी | फर्म दर्ता गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १. | दश लाख रुपैयाँसम्म | सम्बन्धित स्थानीय तह | |
| २. | दश लाख रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | कार्यालय | |
| ३. | पाँच करोड रुपैयाँभन्दा माथि | निर्देशनालय | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-२

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**<u>निजी फर्म दर्ताका लागि दिइने दरखास्त</u>**

श्री ........................ मितिः

.............................

**विषयः निजी फर्म दर्ता गरी पाऊँ।**

महोदय,

देहाय बमोजिम व्यापार व्यवसाय गर्न देहायमा उल्लेख भएको नामको निजी फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो दरखास्त पेश गरेको छु।

**<u>देहायः</u>**

१. फर्मको पूरा नाम र ठेगानाः

२. फर्मको उद्देश्यः

३. फर्मको पूँजीः

४. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः

५. फर्म धनीको तीनपुस्ते विवरणः

६. फर्म धनीको ठेगाना र सम्पर्क नम्बरः

७. फर्म धनीको हालसालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटोः

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको, औंठाछापः दाँया बाँया

नामः

ठेगानाः

सहीः

इति सम्वत् ........... साल ......... महिना ........ गते, रोज ........ शुभम्।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-३

(नियम ४ को उपनियम (३), नियम ५ र नियम १० सँग सम्बन्धित)

**निजी तथा साझेदारी फर्म दर्ता र शाखा दर्ता दस्तुर**

| सि.नं. | पूँजी | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैयाँसम्म | एक हजार रूपैयाँ | |
| २. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | चार हजार रूपैयाँ | |
| ३. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | आठ हजार रूपैयाँ | |
| ४. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | पन्ध्र हजार रूपैयाँ | |
| ५. | पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै भएपनि | तीस हजार रूपैयाँ | |
| ६. | शाखा दर्ता दस्तुर | दर्ता दस्तुरको पचास प्रतिशत | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-४

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

**<u>निजी फर्मको दर्ता किताब</u>**

| सि.नं. | फर्म दर्ता नं. र मिति | फर्मको नाम र ठेगाना | फर्मको उद्देश्य | फर्मको पूँजी | फर्म धनीको नाम, थर र ठेगाना | फर्म धनीको बुबा आमाको नाम थर | स्थायी लेखा नं. | फर्म धनीको सम्पर्क नं. | फर्म धनीको पासपोर्ट साइजको फोटो | फर्म धनीको सही र औँठाछाप | प्रमाणित गर्ने अधिकारीको सहीछाप | शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-५

(नियम ४ को उपनियम (३) र नियम १० सँग सम्बन्धित)

**निजी/साझेदारी फर्म दर्ताको प्रमाणपत्र**

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय .............

**निजी/साझेदारी फर्म दर्ताको प्रमाणपत्र**

**निजी/साझेदारी फ.द.नं.:** **फर्मको प्रकारः** उद्योग/वाणिज्य सम्बन्धी

**निजी/साझेदारी फर्मः**

प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ बमोजिम देहाय बमोजिमको विवरण भएको निजी/साझेदारी फर्म मिति ............................... मा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

**देहायः**

धनी (प्रोप्राइटर)/साझेदारको नाम, थरः

ठेगानाः

पूँजीः

उद्देश्य/कारोबार विवरणः

फर्मको ठेगानाः ............ मितिः

निर्देशक/ कार्यालय प्रमुख

फर्म दर्ता प्रमाणपत्रको पछाडिको पृष्ठमा

**नवीकरणको विवरण**

**फर्मको नामः**

| नवीकरण गरेको मिति | नवीकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं. /भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची-६

(नियम ५ र नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**निजी/साझेदारी फर्मको शाखा दर्ताको प्रमाण-पत्र**

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय .............

शाखा दर्ता नं.

**फर्मको शाखा दर्ता प्रमाणपत्र**

देहाय बमोजिमको विवरण भएको निजी/साझेदारी फर्मले देहायमा उल्लिखित स्थानबाट समेत व्यापार व्यवसाय गर्ने गरी मिति ................................ को यस कार्यालयको निर्णय अनुसार प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ५ बमोजिम शाखा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

**मुख्य फर्मको विवरण**

फर्मको नामः ..................................... दर्ता नं. .........................................

फर्मको उद्देश्य/कारोबार विवरणः .........................................

ठेगानाः .........................................

**शाखाको विवरण**

शाखाको नामः

ठेगानाः

शाखाबाट सम्पादन हुने कामको विवरणः

.........................

मितिः

निर्देशक/ कार्यालय प्रमुख

**अनुसूची-७**

(नियम ६ को उपनियम (२) र नियम १३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**निजी/साझेदारी फर्म नवीकरण सम्बन्धी दरखास्त**

................................................................ मितिः

....................................................................

कर्णाली प्रदेश, .......................।

**विषयः निजी/साझेदारी फर्म नवीकरण गरी पाऊँ।**

महोदय,

मेरो/ हाम्रो नाममा रहेको ........... निजी/साझेदारी फर्म दर्ता नं. ........ को प्रमाणपत्र पाएकोले त्यसको नवीकरणको निमित्त दरखास्त गरेको छु/छौं। प्रमाणपत्र नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं।

दरखास्तवालाको,

नाम, थर :

सही :

ठेगाना :

**द्रष्टव्यः** साझेदारी फर्मको हकमा मुख्य साझेदारको सहिछाप हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-८

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>निजी फर्मले विवरण हेरफेरका लागि दिने दरखास्त</u>**

श्री ……………… मितिः

………………… ।

**विषय: निजी फर्मको विवरण हेरफेर गरी पाऊँ।**

महोदय,

……………… प्रदेश, ……… जिल्ला, …………. नगरपालिका/गाउँपालिका, वडा नं. ……… मा ……………… उद्देश्य रहेको …….. नामको निजी फर्म मिति …… मा स्थापना भई मिति …………. देखि संचालनमा रहेको छ। यस फर्मको सम्बन्धमा देहाय बमोजिमको विवरणमा हेरफेर गर्न आवश्यक भएकोले प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को नियम ७ को उपनियम (१) बमोजिम कागजात र विवरणसहित यो निवेदन पेश गरेको छु। यस निवेदनमा उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| क्र. सं. | हाल कायम रहेको विवरण | हेरफेर गर्नु पर्ने विवरण | कारण |
|---|---|---|---|
| | | | |

**निजी फर्मधनीको,-**

नाम, थर:

सही:

ठेगाना:

फोन नं./मोवाइल नं.:

ईमेल:

## अनुसूची-९

(नियम ८ को उपनियम (१) र नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

## <u>फर्म खारेजीको लागि दिने निवेदन</u>

श्री ............................................................... मितिः

..................................................................

कर्णाली प्रदेश, ......................।

**विषयः निजी/साझेदारी फर्म खारेज गरी पाऊँ।**

महोदय,

मेरो/ हाम्रो नाममा ...................... दर्ता नं. भएको ......................................................... नामको निजी/साझेदारी फर्म ...................................................... कारणले गर्दा अबदेखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरी दिनुहुन अनुरोध गर्दछु/गर्दछौं। यस निजी/साझेदार फर्मले सरकारी, गैरसरकारी संस्था वा व्यक्तिलाई कुनै तिर्नु बुझाउनु पर्ने रकम बाँकी, बक्यौता छैन। तिर्न बुझाउन बाँकी, बक्यौता रहेको ठहरे कानून बमोजिम तिर्न बुझाउन मञ्जुर गर्दछु/गर्दछौं।

<u>निवदेक</u>

फर्मधनीको नाम, थरः

ठेगाना:

सहीः

औंठाछापः दाँया बाँया

<u>**द्रष्टव्यः**</u> साझेदारी फर्मको हकमा मुख्य साझेदारको सहिछाप हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१०

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**साझेदारी फर्म दर्ताको लागि दिने दरखास्त**

श्री ........................................................................ मिति :

........................................................................... ।

**विषयः साझेदारी फर्म दर्ता गरी पाऊँ।**

महोदय,

हामीहरुले साझेदारी फर्म खोली देहाय बमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मञ्जुरीको कागज समेत संलग्न गरी दरखास्त गर्न आएका छौं। लाग्ने दस्तुर लिई देहाय नामको फर्म हामीहरुका नाममा दर्ता गरी पाऊँ।

**देहायः**

१. कूल पूँजी :
२. स्थिर पूँजी :
३. चालु पूँजी :
४. साझेदारहरुको नाम थर, ठेगाना र हिस्साको अङ्क :
५. उत्पादन क्षमता :
६. विद्युत शक्ति:

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको,-
नामः
ठेगानाः
सही :

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-११

(नियम १० सँग सम्बन्धित)

**<u>साझेदारी फर्मको दर्ता किताब</u>**

| सि.नं. | फर्म दर्ता नं. र मिति | फर्मको नाम र ठेगाना | फर्मका साझेदारहरुको नाम थर, ठेगाना र हिस्साको अङ्क | फर्म धनीको सम्पर्क नं | फर्मको उद्देश्य | फाइल नं. | स्थिर पुँजी | चालु पुँजी | कुल पुँजी | विद्युत शक्ति र उत्पादन क्षमता | रोजगारी महिला/पुरुष | रोजगारी महिला/पुरुष | प्रमाणित गर्ने अधिकारीको सहिछाप | शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**<u>द्रष्टव्यः</u>** साझेदारी फर्मको दर्ता किताब तयार गर्दा उद्योग र वाणिज्य सम्बन्धी साझेदारी फर्मको दर्ता किताब छुट्टाछुट्टै बनाई राख्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१२

(नियम १३ को उपनियम (१) को खण्ड (ग) र (घ) र नियम १४ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**आर्थिक विवरण**

फर्मको नामः-

फर्मको ठेगानाः-

फर्मको स्थापना मितिः-

आर्थिक विवरण, आ.व...................

(१) गत वर्षको जिम्मेवारी

बैंक रुः- ............................

नगद रुः- .................................

भुक्तान दिनुपर्ने रुः- ...............................

पाउनुपर्ने रुः- ............................

जिन्सि सम्पतिः-

..............................................................................

(२) चालु आ.व. को कारोबार रकम रु. .........................

स्रोत :- ..........................................

(३) चालु आ.व. को कूल खर्चः- ........................................

(४) बाँकी मौज्दात :

बैंक बाँकी : ..................................

नगद बाँकी : ..................................

अन्य दायित्व : ...............................

उल्लेखित आर्थिक विवरण ठिक साँचो छ। फरक परेमा हामी जिम्मेवार हुनेछौं।

दखास्तवालाको,नाम, थरः

पदः

सहीः

फर्मको नाम र छापः



आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१३

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>एजेन्टको नाम दर्ताको लागि दिने दरखास्त</u>**मितिः

श्री ....................................

...........................................

................................।

**विषयः एजेन्टको नाम दर्ता गरी पाऊँ।**

महोदय,

............. फर्मको एजेन्ट भई काम गर्न प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को नियम १७ बमोजिम आवश्यक कागजात यसैसाथ संलग्न गरी यो दरखास्त पेश गरेको छु। फर्मसँग भएको सम्झौता बमोजिम काम गर्न एजेन्टको नाम दर्ता गराई पाऊँ।

१. एजेन्ट नियुक्त गर्ने फर्मको पूरा नाम, दर्ता नम्बर तथा मिति र ठेगानाः

२. एजेन्ट नियुक्ति गर्ने फर्मको पूँजीः

३. एजेन्ट नियुक्ति गर्ने फर्मको उद्देश्यः

४. एजेन्ट नियुक्त गर्ने फर्म धनीको पूरा नाम थर र ठेगानाः

५. एजेन्टको तीनपुस्ते विवरणः

६. एजेन्टको ठेगाना र सम्पर्क नम्बरः

७. एजेन्टको हालसालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटोः

८. एजेन्टको कामको छोटकरी विवरणः

९. एजेन्टको कार्य क्षेत्रः

दरखास्तवालाको,-

नाम थरः

ठेगानाः

सहीः

औंठा छापः दाँया बाँया

इति सम्वत २०....... साल ....... महिना .... गते, रोज ...... शुभम्।



आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## अनुसूची-१४

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

**<u>एजेन्टको दर्ता किताब</u>**

| सि.नं. | फर्म दर्ता नं. र मिति | फर्मको नाम र ठेगाना | फर्मको उद्देश्य | फर्मको पूँजी | फर्म धनीको नाम, थर र ठेगाना | फर्म धनीको स्थायी ठेगाना | एजेन्टको नाम थर | एजेन्टको आमा बुबाको नाम थर | एजेन्टको सम्पर्क नं. | एजेन्टको पासपोर्ट साइजको फोटो | एजेन्टको सही र औंठाछाप | प्रमाणित गर्ने अधिकारीको सहीछाप | शाखा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१५

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

**<u>एजेन्ट दर्ताको प्रमाणपत्र</u>**

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय ................

**<u>एजेन्ट दर्ताको प्रमाणपत्र</u>**

**श्री.................**

**.....................।**

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को नियम ७ बमोजिम तपाईलाई देहाय बमोजिम विवरण भएको फर्मको एजेन्टको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

**<u>देहायः</u>**

एजेन्ट नियुक्ति गर्ने फर्मको नाम र ठेगानाः

एजेन्ट नियुक्ति गर्ने फर्मको पूँजीः

एजेन्ट नियुक्ति गर्ने फर्मको उद्देश्यः

प्रमाणपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

मितिः

## अनुसूची-१६

(नियम १८ सँग सम्बन्धित)

**<u>एजेण्टले पेश गर्नु पर्ने फाँटवारी</u>**

श्री ......................                                        मितिः

............................।

**विषयः फाँटवारी पेश गरेको सम्बन्धमा।**

प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ को दफा ६१ बमोजिम म एजेन्ट नियुक्त भएको ........... फर्मको मिति ...... देखि मिति ...... सम्मको देहाय बमोजिम विवरण भएको फाँटवारी पेश गरेको छु।

| माल आएको विवरण | परिमाण अथवा थान | बिक्री परिमाण | बाँकी परिमाण | दरभाउ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

माथि उल्लिखित विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>फाँटवारी पेश गर्ने</u>

एजेन्टको पूरा नामः

ठेगानाः

सहीः

सम्पर्क नम्बरः



आन्तरिक मामिला तथा कानून मन्त्रालय

निर्णय भएको मितिः २०८०/०३/०३

आज्ञाले,
डा. विनोद प्रसाद देवकोटा
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय